आज मिति २०८३ भदौ २६ गते शुक्रबारका दिन विहान ११:०० बजे शुक्लागण्डकी नगरकार्यापालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री कृष्ण राज पण्डितज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं.(१) र (१) बमोजिम शुक्लागण्डकी नगर कार्यपालिकाको १७० औं नियमित बैठक बसी तपसिलका प्रस्तावहरुमाथि बिस्तृत छलफल गरी निम्न अनुसार निर्णय समेत गरियो ।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री कृष्ण राज पण्डित | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री खुम बहादुर बि.क. | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिशिर पौडेल | सचिव |
| | वडा अध्यक्ष वडा नं.१ श्री रवि चन्द्र पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री सुमन बहादुर रान मगर | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री सचिन भुजेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री राज कुमार वाग्ले | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री दिर्घ बहादुर थापा | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री वृद्धि बहादुर थापा | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री खड्गसिँ थापा | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री नारायण सिंह थापा | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री धन बहादुर पुलामी मगर | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री राजेन्द्र भट्टराई क्षेत्री | सदस्य |
| | वडा अध्यक्ष वडा नं.११ श्री शालिकराम भट्टराई | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१२ श्री इन्द्र गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री खिम बहादुर कुमाल | सदस्य |
| | कार्यपालिका सदस्य श्री बिमल जि.सी.भुजेल | सदस्य |
| | कार्यपालिका सदस्य श्री सन्तोष वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री रिता नेपाली | सदस्य |
| | कार्यपालिका सदस्य श्री सितादेवी तिमिल्सिना | सदस्य |
| | कार्यपालिका सदस्य श्री शारदा लम्साल | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुनिता सुनार बि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री डोल माया गुरुङ | सदस्य |

**आमन्त्रित / अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| | मान बहादुर क्षेत्री वडा नं.८ का का.वा. अध्यक्ष | |
| | उपसचिव श्री नवराज चापागाई | |
| | न.प्र.अ श्री तुल बहादुर बि.क. | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## नगरकार्यपालिकाको १७० औं बैठक मिति २०८३ भदौ २६ गतेका निर्णयहरु :

**निर्णय नं. १ :**

गत नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो उक्त बैठकमा ९ वटा निर्णय भएकोमा अधिकांश निर्णयहरु कार्यान्वयन भएको र नभएकालाई कार्यान्वयनमा लैजाने समीक्षा गरियो ।

**निर्णय नं. २ :**

नेपाल सरकारको भूमि प्रशासन सम्बन्धी सेवा स्थानीय तहबाट प्रवाह गर्ने योजना अनुसार यस शुक्लागण्डकी नगरपालिकामा चालु आर्थिक वर्ष देखि सेवा संचालनको लागि बजेट विनियोजन भएकोले आवश्यक औजार उपकरण र पूर्वाधार तयार गरी नगरपालिकाको भवन बाट नै सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने र उक्त कार्यको लागि नापी अधिकृत करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तरगत सङ्घीय तथा प्रदेश सरकार बाट प्राप्त समपूरक तथा विशेष अनुदान तर्फका कार्यक्रमहरु समयमै सम्पन्न गर्ने गरी तपसिल बमोजिमका आयोजनाहरुको लगात अनुमान तयारी लगायतका कार्य समयमै सम्पन्न गरी बोलपत्रको सूचना प्रकाशन गर्ने र नगरपालिका तर्फका पनि बोलपत्र मार्फत गर्ने कार्यहरुको खरिद योजना बमोजिम तोकिएको समयमै कार्य अगाडि बढाउने निर्णय गरियो ।

क. लिलाचोक- लामागाउँ-बाडखोला मोटरबाटो स्तरोन्नति
ख. शुक्लागण्डकी नगरपालिकाको फोहोर व्यवस्थापन केन्द्र निर्माण सुधार
ग. गाउँफर्कोदय मा.वि.को भवन निर्माण
घ. लालध्वज मोटरमार्ग स्तरोन्नति

**निर्णय नं. ४ :**

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमहरु कार्यान्वयनका लागि तपसिलका कार्यक्रमहरु सार्वजनिक खरिद नियमावली बमोजिम परामर्श सेवा मार्फत कार्य अगाडी बढाउने र सोका लागि पेश भएको (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. तेस्रो पक्ष गुणस्तर परीक्षण
ख. सेवा र परामर्श खर्च विभिन्न खोला तथा घाटहरुको वातावरणीय प्रभाव मूल्यांकन IEE गर्ने ।

**निर्णय नं. ५ :**

नगरपालिकाको स्वीकृत कार्यक्रम घर नम्बरिङ गर्ने कार्य समयमै सम्पन्न गर्ने गरी कार्यलयमा उपलब्ध जनशक्तिबाट गर्ने र उक्त कार्यको जनशक्ति लगायतमा लाग्ने खर्च सोही कार्यक्रममा विनियोजन भएको बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

शुक्लागण्डकी नगरपालिकाको प्रमाण कागजात पुर्याउने र असुल उपर गर्ने बेरुजु सम्बन्धी कारबाही अगाडि बढाउन नगरकार्यापलिकाको मिति २०८३/०४/२१ को बैठकबाट गठित समितिले आ.व. २०७४/०७५ देखि आ.व. २०८१/०८२ सम्मको प्रमाण कागजात पुऱ्याउने र असुल उपर गर्ने बेरुजु फछर्यौटको कार्यलाई कार्यान्वयन गर्न लेखा परीक्षण प्रतिवेदन लगत तयार गर्ने, श्रेस्ता अध्यय गर्ने, अभिलेख भिडान गर्ने, थप प्रमाण तथा कागजात संकलन गर्ने, नियमित रूपमा पत्राचार गर्ने, आवश्यक विवरण तयार गरी समितिको बैठकमा नियमित पेश गर्ने कार्यलाई समितिको मौजुदा जनशक्ति न्यून भएको हुँदा बेरूजु फछर्यौट कार्यलाई प्राथमिकताका साथ सम्पादन गर्नेको लागि कार्यालयमा कार्यरत सम्बन्धित विषयको जानकार

जनशक्ति नभएकोले बाह्य श्रोतबाट कार्यसम्पादनमा आधारित सेवा करारबाट श्री ज्ञान नारायण श्रेष्ठलाई मासिक ४१,५००।- (एक चालिस हजार पाँच सय दिने गरी ३ (तीन) महिना) का लागि काममा लगाउन सिफारिस गरेकोले सोही बमोजिम कार्य गराइ बेरुजु फछर्यौझौको कार्यलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

शुक्लागण्डकी नगरपालिकाको प्राकृतिक स्रोत निकासी शुल्कको आफूले तिरेको शुल्कमा दोहोरो परेको भनी सम्मानित सर्वोच्च अदालतमा दिएको निवेदनको फैसला पूर्ण पाठ बमोजिम नगरपालिकाले निज कम्पनी (Anhui Kaiyuan Highway and Bridge Co. Ltd., China) लाई तिर्नु / बुझाउनुपर्ने रकमका सम्बन्धमा न्यायिक पूनरावलोकनका लागि सर्वोच्च अदालतमा पेश गर्नको लागि नगर सभाले प्रत्यायोजन गरेको अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

शुक्लागण्डकी नगरपालिकाको टेम्पो, अटो रिक्सा तथा ई-रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को बमोजिम ४० वटा अटोलाई संचालन अनुमति दिने निर्णय अनुसार यसअघि ३० वटालाई अनुमति प्रदान गरिसकिएकोमा प्राप्त निवेदनहरु मध्ये कार्यालयमा प्राप्त मितिको आधारमा पहिले आवेदन दिने आवेदकलाई क्रमैसंग (First come first permission) हुने गरी बांकी १० वटा तपसिल बमोजिमका अटो संचालनको लागि अनुमति प्रदान गर्ने र अटो संचालन अनुमतिका लागि आवेदन पेश गर्ने कार्य बन्द गरिएको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | नामथर | ठेगाना | सवारी नं. | सवारी चेसिस नं. |
|---|---|---|---|---|
| १ | मोहम्मद अख्तर मिया | शुक्लागण्डकी न.पा.५,तनहुँ | ना २ ह ३२७८ | MD2A25BY3JWD18544 |
| २ | सुस्मिता कोईराला | शुक्लागण्डकी न.पा.८,तनहुँ | ग.प्र.०३-००१ह-०१९८ | MD6M1LPF6T4B00395 |
| ३ | दिल बहादुर थापा | शुक्लागण्डकी न.पा.८,तनहुँ | ग.प्र.-०१-००१ह-००५१ | MD6M1LPF5T4B00467 |
| ४ | सोमनाथ चापागाई | शुक्लागण्डकी न.पा.८,तनहुँ | ग-प्र-०१-००१ह-००६३ | MD6M14PF1S4L01333 |
| ५ | कुमार भुजेल | शुक्लागण्डकी न.पा.३,तनहुँ | ग-प्र-०१-००१ह-००४५ | MD6M1LPF0T4B00182 |
| ६ | सुवास राना | शुक्लागण्डकी न.पा.८,तनहुँ | ग-प्र-०१-००१ह-००६७ | MD6M1LPFXT4C00113 |
| ७ | डिक कुमारी गुरुङ | शुक्लागण्डकी न.पा.१२,तनहुँ | ग.प्र.-०१-००१ह-००७० | MD6M1LP2T4D00075 |
| ८ | अमिर दिन मिया | शुक्लागण्डकी न.पा.५,तनहुँ | ग प्र ०१००१ह-००८७ | MD2A25BYXKWD96580 |
| ९ | बालकृष्ण खनाल | शुक्लागण्डकी न.पा.२,तनहुँ | ग-प्र-०१-००१-००७१ | MD6M1LPF8T4C00207 |
| १० | गुमान सिह सुनार | शुक्लागण्डकी न.पा.१०, तनहुँ | ग-प्र-०१-००१ह-००६१ | MD2B51BX6TWL-90883 |

**निर्णय नं. ९ :**

गत आर्थिक वर्ष पशु चिकित्सक पदमा पदपूर्तिका लागि कुनै पनि उमेदवार परीक्षामा सहभागी नभई पदपूर्ति हुन नसकेकोमा चालु आर्थिक वर्षमा पनि सोका लागि बजेट प्राप्त भएकोले कार्यविधि बमोजिम पशु चिकित्सक पदमा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १० :**

नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ७ बमोजिम १ जना सहायक प्रहरी निरीक्षक, ४ जना प्रहरी जवान र ३ जना फायर फाइटर गरी ८ दरबन्दी सृजना गरी पदपूर्ति गरिएकोमा २ जना प्रहरी जवानको दरबन्दी थप गरी ६ जना कायम गर्ने र २ जना सहित रिक्त रहेको फायर फाइटर १ जना गरी ३ जनाको दरबन्दीमा पदपूर्ति गर्ने निर्णय गरययो ।

**निर्णय नं. ११:**

शुक्लागण्डकी नगरपालिका अन्तरगत स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापनका लागि संघीय सरकार सशर्त अनुदान अन्तरगत स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यम्रम संचालन शिर्षकबाट तलब भत्ता भुक्तानी गर्ने गरी १ जना अ.न.मी र आधारभूत स्वास्थ्य सेवा केन्द्रमा रिक्त रहेको १ जना अ.हे.व.पदमा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

नगरपालिका अन्तरगत रहेका टोल विकास संस्थाहरुको पान नं. व्यवस्थापन गर्नको लागि चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमबाट टोल विकास समिति लेखापरीक्षण तथा नवीकरण शिर्षकमा विनियोजन भएको बजेट रु.५ लाख बाट, लेखापरीक्षण तथा नवीकरण लगायतका काम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश पोखराको चालु आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत कार्यतालिका बमोजिम रिक्त दरबन्दीमा पदपूर्तिका लागि माग आकृति फाराम भरी अनिवार्य पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

शुक्लागण्डकी नगरपालिका अन्तरगत वडा नं.१ मा रहेको थप्रेक स्वास्थ्य चौकीमा सि.अ.न.मी. छैठौँ तहमा कार्यरत दुर्गा विष्ट क्षेत्रीले मिति २०८३/०४/२९ राजीनामा पेश गरेकोमा सनाखत सहित पेश भएकोले गण्डकी प्रदेश स्थानीय सेवा(गठन तथा संचालन) नियमावली, २०८० को नियम १४१ मिति २०८३/०५/०१ देखी लागू हुने गरी राजीनामा स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. १५ :**

फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७६ संशोधन गर्ने र उक्त कार्यविधिको दफा (१०) बमोजिम फोहोर व्यवस्थापन शुल्क संकलन गर्ने कार्य टोल विकास संस्थालाई लगाउने र उक्त संकलन भएको रकमको २० प्रतिशत रकम सम्बन्धित टोल विकास संस्थालाई उपलब्ध गराउने । त्यसका लागि संकलित रकमको विवरण सहित हिसाब गरी २० प्रतिशत रकम घटाई मासिक रूपमा नगरपालिकामा जम्मा गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. १६:**

शिक्षा, युवा तथा खेलकुद शाखातर्फ चालू आ.व. २०८३/०८४ का लागि विद्यालय कर्मचारी/शिक्षकहरूको देहाय बमोजिम पारिश्रमिक निर्धारण गर्ने निर्णय गरियो ।

क. विद्यालय सहयोगी, विद्यालय सहायक र बालविकास केन्द्रका सहजकर्ताहरूलाई क्रमशः र. २०,०००/- २१,०००/- र २१,०००/- मासिक पारिश्रमिक उपलब्ध गराउने,

ख. स्वयंसेवक शिक्षकहरूलाई कक्षा १-५ र ६-८ का लागि क्रमशः रु. २१,०००/- र रु. २३,०००/- मासिक पारिश्रमिक उपलब्ध गराउने,

ग. सामुदायिक सिकाई केन्द्रका परिचालिकालाई मासिक रु.२०,०००/- पारिश्रमिक उपलब्ध गराउने ।

घ. नगर स्रोतका अन्य शिक्षक/प्रशिक्षकहरूको लागि नेपाल सरकारबाट प्राप्त तहगत शिक्षण सहयोग अनुदानका शिक्षक सरह मासिक पारिश्रमिक उपलब्ध गराउने,

ङ. सबै विद्यालय कर्मचारी/शिक्षक तथा सामुदायिक परिचालिकाहरूलाई दोहोरो नपर्ने गरी ससर्त अनुदानबाट नपुग हुने रकम थप गरी मासिक पारिश्रमिक सरह चाडपर्व खर्च र पोसाक वापत रु. १०,०००/- उपलब्ध गराउने साथै प्रशिक्षक र सहायक प्रशिक्षकहरूलाई १० महिनाका लागि मासिक रु.३,०००/- प्राविधिक भत्ता उपलब्ध गराउने,

**निर्णय नं. १७ :**

शुक्लागण्डकी नगरपालिका अन्तरगत नगर श्रोत तर्फका शिक्षक कर्मचारीहरुको शैक्षिक सत्र २०८३ सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस बमोजिम तपसिल बमोजिमका आवेदकहरुलाइ विपद व्यवस्थापन कोषबाट निम्न बमोजिम सहायता रकम रकम उपल्ब गराउने निर्णय गरियो ।

**तपसिल :**

| क्र.स. | निवेदकको विवरण | वडा नं. | निवेदनमा उल्लेखित घटनाको विवरण | माग रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | चित्र बहादुर घर्ति | १२ | वर्षायामको वर्षाको कारणले घर क्षती भएको। | १५,०००।- | |
| २ | लाल माया कुवर जोगी | १२ | वर्षायामको वर्षाको कारणले घर पहिरोको जोखिममा परेकोले पहिरो नियन्त्रण गर्नुपर्ने। | १५,०००।- | |
| ३ | विक्रम श्रेष्ठ | ३ | भारी वर्षाको कारण बसोबास गरिरहेको घर पछाडि पहिरो गई जोखिममा परेको र थप पहिरो जान सक्ने जोखिम भएकोले आवश्यक रोकथाम, संरक्षण गर्नुपर्ने। | १५,०००।- | |
| ४ | सुमित्रा पन्थ | ५ | अविरल वर्षाको कारण घर पछाडिको भागमा क्षती पुगेको। | १०,०००।- | |
| ५ | नारायण प्रसाद पोख्रेल | १० | क्याङ्दी खोलाले कटान गरी घर जोखिममा परेको तटबन्ध निर्माण गर्नुपर्ने। | १५,०००।- | |
| ६ | गौरी अधिकारी | १० | संगम आधारभूत विद्यालय निर्माण गर्दा भल कटान गरिएको स्थानबाट यस वर्षको वाढिले खेती गरिरहेको जग्गामा क्षति पुगेको। | १०,०००।- | |
| ७ | राम बहादुर महत क्षेत्री | ८ | बांगेखोलाले वर्षेनी कटान गर्दै खेतियोग्य खेत जोखिममा परेकोले खेत संरक्षणका लागि जाली भर्नुपर्ने । | २०,०००।- | |
| ८ | वाम्पाङ् खोला डियापानी कुलोका उपभोक्ताहरु श्री धनबहादुर थापा लगाएत | १० | अविरल वर्षाको र वाढिपहिरोको कारण क्षतिग्रस्त भई पूर्ण रुपमा भत्किएर कृषि कार्य पूर्ण रुपमा प्रभावित भएकोले वाम्पाङ्ग खोला डियापानी कुलो मर्मतको गर्नुपर्ने। | २०,०००।- | |

नगर प्रमुख प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | देवि लामिछाने | ६ | झौरीखेतमा आएको बाढीको कारण खेत कटान गरेको हुँदा उक्त खेत संरक्षण गर्नुपर्ने । | १५,०००।- | |

**निर्णय नं. १९ :**

शुक्लागण्डकी नगरपालिकाको ग १ झ ५१५ नं.एम्बुलेन्स दुलेगौंडा बजारमा कार्यालयमा आउने क्रममा विपरित दिशाबाट आउदै गरेको स्कुटर संग ठोकिदा दुर्घटना भएको र घाइते भएका विरामीहरूको उपचार खर्च नगरपालिकाले उपलब्ध गराउने सम्झौता भएकोमा उपचारमा लागेको खर्च रकम सवारी चालकले भुक्तानी गरेकोमा कार्यालयको कामको शिलशिलामा दुर्घटना भएकोले विमा वापतको रकम प्राप्त हुन समय लाग्ने भएकोले हालसम्म खर्न भएको रकम सवारी चालक लक्ष्मण श्रेष्ठलाई पेश्की भुक्तानी गर्ने र विमा रकम प्राप्त भएपछि सोधभर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:**

नगरपालिकाको सम्बन्धित विषयगत शाखा र खरिद ईकाइबाट पेश भएको वार्षिक खरिद योजना स्वीकृत गरी प्रभावकारी रुपमा कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१ :**

शुक्लागण्डकी नगरपालिका वडा नं.३ को हर्कपुर मोटरमार्गको राटमाटा र कालीमर्याङ खण्डमा वर्षातको समयमा विग्रेको बाटो मर्मतमा लागेको लागत अनुमान र बील बमोजिमको खर्च रकम रु. १,५०,०००।०० विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :**

सहकारी संघ संस्थाहरुले भवन निर्माण गर्दा निजी भवन निर्माण गर्दा लागू हुने मापडण्द अनुसार भवन निर्माण गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. २३ :**

शुक्लागण्डकी नगरपालिका वडा नं.८ क्याङदी खोलाको पुल देखी डहरे सम्मको सडकलाई वि.पि.मार्ग कायम गरी संघीय सरकारबाट विनियोजीत बजेट कार्यान्वयन गर्न सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

नगर प्रमुख